# रेक्स प्रणाली सम्बन्धी अत्यन्त जरुरी सूचना

युरोपियन यूनियनले विकसित तथा अतिकम विकसित मुलुकहरुको निकासी आर्जनमा एक पक्षीय रुपमा उपलब्ध गराउँदै आएको सामान्य ग्राह्यता प्रणाली (जि.एस.पी) (**Generalized System of Preferences -GSP) रेक्स प्रणाली (Registered Exporter System - REX System)** सम्बन्धी व्यवस्थालाई निम्नानुसार हुने जानकारी गराईएको छ ।

**निकासीकर्ताले रेक्स नम्बर प्राप्तिका लागि आवेदन**

निकासीकर्ताले रेक्स **(REX)** प्रणालीमा प्रवेश गरी उल्लेखित युरोपियन कमिशनद्वारा विकसित https://customs.ec.europa.eu/rex-pa-ui/#/create-preapplication/ मा **Pre-Application** फारामको सम्पूर्ण विवरण प्रविष्ट गरी एकप्रति प्रिन्ट गरी निकासीकर्ताको फर्म वा कम्पनी वा उद्योगको प्रोपाईटरले **(Proprietor)** हस्ताक्षर गरी फर्म वा कम्पनी वा उद्योगको छाप समेत लगाई देहायको कागजात सहित केन्द्रमा आवेदन दिनु पर्नेछः

(क) प्रणालीबाट जारी हुनै **Pre-Application** फारामको विधुतीय प्रति ।

(ख) रेक्स **(REX)** नम्बर उपलब्ध गराई पाउँ भनी फर्म वा कम्पनी वा उद्योगको छाप र हस्ताक्षर सहितको निवेदन पत्र।

(ग) निकासी पैठारी संकेत नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(घ) उद्ध्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ)कम्पनी रजिष्ट्रारको कार्यालयको प्रमाणापत्रको प्रतिलिपि ।

(च)संस्थाको उद्येश्य खुलाउने कागजात (प्रवन्धपत्र) प्रमाणपत्रको प्रतिलिपि ।

(छ)स्थानीय बजारबाट कच्चा पदार्थ खरीद गरेको भए भ्याट अथवा प्यान बिलको प्रतिलिपि ।

(ज)कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(झ)स्थायी लेखा नम्बर **PAN** दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ञ)कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ट)नयाँ वा क्षमता अभिबृध्दि गरेको उद्ध्योगको हकमा केन्द्रको प्राविधिक समितिको सिफारिस ।

(ठ)कम्पनीको हकमा स्थानीय बजारमा निकासी गरिने वस्तुको खरीद गरेमा खरीद गरेको उद्ध्योग, उत्पादक वा संकलनकर्ता समेतको माथि उल्लेखित(घ)देखि ट)सम्म उल्लेखित सम्पूर्ण विवरण उल्लेख गरिनु पर्ने ।

(ड)निकासीकर्ताले **EU** मुलुकमा वस्तुको निकासी गरे पश्चात केन्द्रमा **Invoice (Statement on Origin)** एक प्रति प्रतिलिपि पेश गरिनुपर्ने ।